जब तिमीहरू मध्ये कोही मस्जिदमा प्रवेश गर्छ भने उसले (अल्लाहुम्मफ्-तह्-ली अब्वाब रह्-मतिक्) र जब बाहिर निस्कन्छ भने (अल्लाहुम्म इन्नी अस्-अलुक मिन्-फज्लिक्) पढ्नुपर्छ ।

अबू हुमैद वा अबू ओसैदले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले
भन्नुभएको छ : "जब तिमीहरू मध्ये कोही मस्जिदमा प्रवेश गर्छ भने उसले (अल्लाहुम्मफ्- तह्-ली अब्वाब रह्-मतिक्) र जब बाहिर निस्कन्छ भने (अल्लाहुम्म इन्नी अस्-अलुक मिन्- फज्लिक्) पढ्नुपर्छ ।
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो उम्मतलाई मस्जिदमा प्रवेश गर्दा यो दुआ पढ्न सिकाउनु भएको छ: (अल्लाहुम्मफ्-तह्-ली अब्वाब रह्-मतिक्) ("हे अल्लाह, मेरो लागि आफ्नो रहमतका ढोका खोलिदिनुहोस्")। यसद्वारा मानिसले अल्लाहसँग आफ्नो करुणा प्राप्त हुने कारणहरू सजिलो बनाइदिन अनुरोध गर्छ। त्यसैगरी मस्जिदबाट बाहिर निस्कँदा यो पढ्न: (अल्लाहुम्म इन्नी अस्-अलुक मिन्-फज्लिक्) अर्थात अल्लाहको अत्यधिक अनुग्रह र हलाल जीविकोपार्जनका लागि दुआ गर्नु पर्दछ ।

http://sunnah.global/hadeeth/ne/show/65092